æसमृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधारÆ

# आर्थिक वर्ष २०८१/८२ को
# बजेट वक्तव्य

**बकैया गाउँपालिका**
**मकवानपुर**
**बागमती प्रदेश, नेपाल**
२०८१ साल असार १० गते

## आदरणीय सभाध्यक्ष महोदय,
## आदरणीय गाउँ सभा सदस्य ज्यूहरु

१. समृद्ध बकैया निर्माणको सोचलाई साकार पार्न आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमलाई बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन नेपालको संविधान धारा २३० बमोजिम यस सम्मानित गाउँ सभा समक्ष बकैया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको अनुभूति गरी रहेको छु ।

२. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासन पद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नु हुने महान नेपाली जनता र सो अभियानको नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

३. नेपालको संविधान, प्रदेशको आवधिक योजना, पालिकाको आवधिक योजना, नेपाल सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०८१/८२ को बजेट, बागमती प्रदेश सरकारले सम्मानित सभामा पेश गरेको आर्थिक वर्ष २०८१/८२ को बजेट, विनियोजन विधेयक, २०८१, आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, राजनीतिक दलको घोषणापत्र, विषयगत समितिको सुझावहरु, गाउँ सभा सदस्यज्यूहरुले दिनुभएको सुझावहरु, संचार जगत, नागरिक समाज एवं सरोकारवालाको सुझाव तथा पालिकाबासी दाजुभाई, दिदीबहिनिहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुलाई आत्मसात् गरि आ व २०८१/८२ को बजेट तर्जुमा गरेकोछु।

४. यस बजेटले नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सुशासन, विकास र समृद्ध हाँसिल गर्न उपलब्ध श्रोत साधनलाई अधिकतम ढङ्गले परिचालन गरि गाउँपालिकावासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवादन्मुख समृद्ध एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सघाउ पुर्याउदै समृद्ध बकैया निर्माण हुने विश्वास लिएकोछु ।

## आदरणीय सभाध्यक्ष महोदय,
## आदरणीय गाउँ सभा सदस्यज्यूहरु

५. अब म यस सभा समक्ष चालु आर्थिक वर्ष २०८०/८१ को आम्दानी तथा खर्चको समग्र अवस्था संक्षेपमा समीक्षा गर्ने अनुमति चाहन्छु ।

**<u>आम्दानी तर्फ</u>**

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक स्रोतबाट ८ करोड १९ लाख ९० हजार अनुमान गरिएकोमा सम्वत २०८१ हाल सम्म आन्तरिक स्रोतबाट २ करोड ९९ सय लाख ९६ हजार आम्दानी भएको छ ।जुन लक्ष्यको ३६.५८ प्रतिशत हुन आउँछ।यसवर्ष बकैया गाउँपालिकाले लिएको लक्ष्य अनुरुप अपेक्षित राजश्व संकलन हुन नसकेको व्यहोरा जानकारी गराउदछु ।

**<u>विनियोजन तर्फ</u>**

चालु आर्थिक वर्ष २०८०/८१ को लागि बकैया गाउँपालिकाबाट कुल ८१ करोड ७० लाख १४ हजार विनियोजन गरिएको थियो । विनियोजन बजेट मध्ये हाल सम्म चालु तर्फ ३६ करोड ४३ लाख १४ हजार रुपैया खर्च भएको छ । जुन ६४.७३ प्रतिशत हुन आउछ । पूँजिगत एवम् पूर्वाधार तर्फ १३ करोड २४ लाख ३९ हजार खर्च भएकोछ जुन ५१.६८ प्रतिशत हुन आउछ । साथै बकैया गाउँपालिकाको चालु आर्थिक बर्षको समग्र वित्तिय प्रगति जम्मा रु ४९ करोड ६७ लाख ५३ हजार रहेको छ जुन ६०.६४ प्रतिशत हुन आउँछ ।

६. अब म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटको उद्देश्यहरु निम्नानुसार छन्:

- कृषि तथा पशुजन्य उत्पादन वृद्धिमार्फत आत्मनिर्भर र समृद्ध गाउँपालिका बनाउने,
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीमा सबैको पहुँच अभिवृद्धि गर्ने,
- भूमिहिन सुकुम्बासिहरुलाई जग्गाधनिपुर्जा वितरण गर्ने,
- दिगो तथा वातावरणमैत्रि पुर्वाधार विकास गर्ने,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सहज पहुँचको लागि प्रविधिको प्रयोग गर्दै सुशासनको अनुभुति प्रदान गर्ने
- प्राकृतिक स्रोतको संरक्षण, सम्बर्धन र उपयोग गर्ने
- गाउँपालिकाको आन्तरिक राजश्व परिचालन गर्दै रोजगारी सिर्जना गर्ने

७. आगामी आर्थिक वर्ष २०८१/८२ को लागि तय गरिएका बजेटका उद्देश्यहरु हाँसिल गर्न देहायका प्राथमिकता निर्धारण गरेकोछु ।

- कृषि तथा पशुजन्य उत्पादन बढाउनको लागि व्यवसायिक उत्पादन अभिवृद्धिको लागि पकेट क्षेत्रहरुमा विषेश अनुदानको व्यवस्था
- मुख्य सडक पूर्वाधारको स्तरोन्नती, अधुरो योजना सम्पन्नताको लागि निरन्तरता,
- भूमिहिन सकुम्वासिको समस्या समाधानको लागि ऐलानी जग्गा नापिको कार्यलाई तिव्रता दिने,
- स्वास्थ्य शिक्षा तथा खानेपानीको पूर्वाधार निर्माणमा जोड,
- विकास निर्माणमा सरकारी निजी तथा सहकारी विच साझेदारीमा जोड,
- पर्यटन प्रवर्द्धन, सामाजिक सास्कृतिक तथा स्थानीय भाषा कला साहित्यको प्रवर्द्धन,

- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित तथा लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा कार्यक्रम सञ्चालन,
- पारदर्शी, गुणस्तरीय र प्रभावकारी सार्वजानिक सेवा प्रवाह

**आदरणीय सभाध्यक्ष महोदय,**
**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

८. अब म बकैया गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. बकैया गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२  को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल रु ९१ करोड ९५ लाख ६२ हजार ५ सय रुपैया आय र व्ययको अनुमान गरेको छु । यसको लागि आन्तरिक आय तर्फ रु १६ करोड ९८ लाख ६ हजार २ सय ५१ रुपैया, अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट रु ५५ करोड ९३ लाख ८ हजार ५ सय रुपैया, संघीय  तथा बागमती प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु १९ करोड ४ लाख ४७ हजार ७ सय ४९ रुपैया मात्र रहने प्रक्षेपण गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

१०. अब म प्रस्तावित कुल रु. ९१ करोड ९५ लाख ६२ हजार ५ सय रुपैया रकमको विनियोजन विवरण प्रस्तुत गर्न चाहन्छु।

११. नेपाल सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त रु. ३४  करोड ६४ लाख ४६ हजार ५ सय रुपैया तथा बागमती प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ प्राप्त  रु ३ करोड ९ लाख १४ हजार रकम गरी जम्मा रु ३७ करोड ७३ लाख ६० हजार ५ सय रकमलाई तय भए बमोजिम खर्च गरिनेछ ।

१२. पालिकाको ठुला तथा रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानबापत रु २ करोड ८५ लाख रुपैया र बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु. १ करोड ९७ लाख ५० हजार  गरी जम्मा रु ४ करोड ८२ लाख ५० हजारमा पालिका तर्फबाट उक्त योजनाहरु कार्यान्वयन गर्नको लागि समपुरक कोषमा रु ५ करोड विनियोजन गरेको छु ।

१३. प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान रु. ५० लाख रकमलाई भिरकोट कान्द्राङ हीरामुनी बृहत खानेपानी वडाँ नं ७ योजना निर्माण सम्पन्न गर्न आवश्यक प्रवन्ध मिलाएको छू ।

१४. यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु १२ करोड ७५ लाख विनियोजन गरेको छु ।  यसै गरि

हरेक वडाहरुको समानुपातिक विकास गर्नको लागि प्रत्येक वडामा रु ६५ लाखको दरले जम्मा रु ७ करोड ८० लाख तथा कार्यपालिका सदस्यहरुलाई रु १२ लाखको दरले रु ७२ लाख गरी जग्मा रु ८ करोड ५२ लाख बजेट विनियोजन गरेको छु ।

१५. आर्थिक वर्ष २०८०।८१ मा निर्माण सम्मन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र क्रमागत एवम् बहुवर्षिय ठेक्का भएका योजनाहरु समयमै सम्पन्न गर्नकोलागि एकमुष्ठ रु ३ करोड २० लाख बजेट विनियोजन गरेकोछु ।

१६. कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न, सहुलियत दरमा दाना तथा साइलेज विक्रि वितरण गर्न तथा प्राङ्गारिक मल उत्पादन र वितरण गर्न स्थापित बकैया कृषि औद्योगिक ग्रामको संचालनको लागि रु १ करोड बजेट विनियोजन गरेको छु।

१७. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न हरित उत्पादन प्रविधि अवलम्बन गर्दै सम्भाव्य क्षेत्रहरुमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिँदै व्यवसायीकरण, यन्त्रिकीकरण र बजारीकरण गर्ने विशेष व्यवस्था मिलाइएको छ।

१८. कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकिकरणका लागि कृषिमा यान्त्रिकरण कार्यक्रमलाई निरन्तरता, कृषकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन, साना सिंचाई आयोजना संचालन, कृषकलाई उत्पादनको आधारमा अनुदानलगायतका कृषि सम्वन्धी नीति कार्यान्वयन गर्नको लागि रु १ करोड २३ लाख विनियोजन गरेको छु ।

१९. मौलिक भान्सा सुधार कार्यक्रम अन्तर्गत एक घर एक करेशाबारी निर्माण गर्ने मध्ये उत्कृष्ट व्यक्ति तथा परिवारलाई प्रोत्साहन स्वरुप आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. व्यवसायिक पशुपालन प्रवर्द्धन, दुग्धजन्य उत्पादनमा आधारित घाँस खेती, बाख्रा प्रवर्द्धन, दाना तथा साइलेज उद्योग व्यवस्थापन, पशु बीमा कार्यक्रम सञ्चालनलगायतका कार्यक्रम कार्यान्वयन गर्न रु १ करोड ८२ लाख बजेट विनियोजन गरेको छु ।

२१. शैक्षिक क्षेत्रको सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरु भौतिक पुर्वाधारको सुधार, स्वच्छ खानेपानीको व्यवस्था, शौचालय व्यवस्थापन, प्रविधि तथा विद्यार्थी मैत्री कक्षा कोठा निर्माण गरी विद्यार्थीमैत्री वातावरण तयार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । साथै सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीहरुलाई उत्प्रेरित गर्न मासिक थप रु २ हजारको दरले तलब बृद्धि हुनेगरी जम्मा रु ४ करोड बजेट विनियोजन गरेको छु ।

२२. सामुदायिक विद्यालयका गाउँपालिका अनुदान शिक्षक दरबन्दीमा कार्यरत शिक्षकहरुलाई उत्प्रेरित गर्न हालको तलब मानमा माध्यमिक तहको लागि मासिक १६ प्रतिशतको दरले तथा नि मा वि शिक्षकको हकमा २० प्रतिशतको दरले तथा प्रा वि को हकमा ३३.३३ प्रतिशतका दरले तलब वृद्धि गरेको छु ।

२३. आधारभूत/माध्यामिक तहमा विद्यार्थीका लागि पढ्दै कमाउँदै तथा Know your local government कार्यक्रम संचालन गर्नको लागि बजेटको व्यवस्था गरेको छु।

२४. आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न मूख्य पर्यटकीय क्षेत्रको विकास तथा विभिन्न जातजाती, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्वर्द्धन गर्दै गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार र संरक्षणका लागि रकम रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

२५. विपद् सामग्री खरीद, उचित भण्डारण, जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरुको लागि विपद् तथा प्रकोप व्यवस्थापन कोषमा रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।

२६. देशकै दोस्रो बालमैत्री गाउँपालिकाको रुपमा घोषित भएको यस गाउँपालिकामा बालमैत्री शासनको दिगोपनाका लागि बालमैत्री अभियानलाई निरन्तरता दिनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२७. लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण प्रबर्द्धन गर्न, सीप तथा क्षमता विकास कार्यक्रम, प्रविधि हस्तान्तरण र लागुपदार्थ विरुद्धको सचेतनामूलक कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न ४१ लाख रकम विनियोजन गरेको छु ।

२८. खेलकुद क्षेत्रको विकासको लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै विद्यालय तहदेखिनै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, बकैया कप फुटबल प्रतियोगिता, भलिवल, क्रिकेट, कराँतेलगायतका खेलको पालिकास्तरीय प्रतियोगिता संचालनको लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

२९. स्वास्थ्यमा सबैको समान पहूँच अभिवृद्धि गर्न औषधी तथा स्वास्थ्य सामाग्री व्यवस्थापन, रक्तसंचार सुविधा, निशुल्क भिडियो एक्सरे तथा ल्याब परीक्षण तथा समग्र स्वास्थ्य क्षेत्रको सुधार तथा विकासको लागि आवश्यक कार्यक्रम संचालन गर्न रु १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**आदरणीय गाउँ सभा सदस्यज्यूहरु**

३०. गाँउपालिकामा ऐलानी जग्गामा बसोबास गर्दै आएका भूमिहिन सुकुम्बासी, भूमिहिन दलित, अव्यवस्थित बसोबासीहरुले लामो समयदेखि भोगचलन गर्दै आएको जग्गाहरु नापीनक्सा सम्पन्न गरी जग्गाधनि प्रमाण पुर्जा वितरण कार्यको लागि रु १ करोड २० लाख बजेट व्यवस्था गरेको छु ।

३१. न्यायीक समिती भूमिकालाई प्रभावकारी बनाउन न्यायीक समितिको सदस्य तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम, मेलमिलाप केन्द्र प्रोत्साहन तथा सुरक्षित आश्रयस्थलसहितको सामुदायिक सेवा केन्द्र संचालनको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।

३२. यस गाउँपालिकाभित्रको सामाजिक तथा आर्थिक रुपमा पछाडी परेको तथा पारिएको वर्ग तथा समुदाय, असाहय तथा शारीरिक रुपमा अशक्त, आर्थिक रुपमा विपन्न नागरिकहरुको शिक्षा, स्वास्थ्य तथा आधारभूत आवश्यकता परिपूर्तिको लागि विपन्न नागरिक आकस्मिक कोषको व्यवस्था गरेको छु जसको लागि रु २० लाख बजेट व्यवस्था गरेको छु ।

३३. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वर्ग तथा समूदायहरुलाई व्यवसायिक रुपमा कृषि तथा पशुजन्य उत्पादनमा आधारित व्यवसाय, लघु उद्यम संचालन तथा व्यवस्थापनको लागि गरिबि निवारण जोखिम कर्जा कोषको व्यवस्था मिलाएको छु । जसको लागि रु १० लाख बजेट व्यवस्था गरेको छु ।

३४. सहकारी क्षेत्रको प्रवर्द्धन गर्नको लागि सहकारी संस्थाको सवलीकरण, नियमन तथा सहकारी संस्था एकीकरण प्रोत्साहनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३५. सार्वजनिक सेवालाई पारदर्शी, मितव्ययी, जनउत्तरदायी, जवाफदेही बनाउँदै भष्ट्रचार विरुद्धको शून्य सहनशिलताको नीतिलाई कार्यान्वयन गर्न सार्वजनिक सेवामा सूचना प्रविधिको अधिकतम उपयोग मार्फत सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३६. गाउँपालिकाका जनप्रतिनिधिहरुको रु १० लाखसम्मको सामूहिक दुर्घटना बीमाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छु।

३७. बकैया गाउँपालिका भित्रको विभिन्न सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण, शवदाह स्थल निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३८. पालिकास्तरीय हाटबजारको रुपमा विकास गरिने हाटबजारहरु, विद्‌युतीय सुधार, सुशासन प्रवर्द्धन, अनुसन्धान तथा विकास, विज्ञान तथा प्रविधि र वन तथा वातावरणलगायतको क्षेत्रमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३९. गाउँपालिका भित्र सबै घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुर्याउने योजनाहरुलाई निरन्तरता दिँदै आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण लगायत दिगो विकासका लक्ष्यहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट व्यवस्था गरेको छु ।

४१. बालमैत्री सहजकर्ताहरुको हालको तलबमा २० प्रतिशत वृद्धि गरेको छु ।

४२. सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुका लागि समय सापेक्ष पारिश्रमिक भुक्तानीको नीति अवलम्वन गरिनेछ ।

४३. उल्लेखित विषयगत बजेट तथा कार्यक्रमहरु विस्तृत रुपमा अनुसूचीमा उल्लेख गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय सदस्य ज्यूहरु,**

प्रस्तुत बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने पालिका अध्यक्ष ज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, विभिन्न विषयगत समिति, तथा अन्य समितिहरु, राजनीतिक दरका प्रतिनिधि एवं राजनीतिज्ञ, नागरिक समाज, निजिक्षेत्र एवं विकास सहयात्री, अहोरात्र खटिने पालिकाका राष्ट्रसेवक कर्मचारी मित्रहरु, सञ्चारजगत लगायत सम्पूर्ण पालिकाबासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै सदा झै बजेट कार्यान्वयनको लागि सबैको सीर्जनशील र रचनात्मक सहयोग र साथ रहने अपेक्षा समेत गरेको छु ।

**wGojfb .**

**मितिः २०८१ साल असार १० गते**

**भक्त बहादुर खत्री**
**उपाध्यक्ष**
**बकैया गाउँपालिका**